# सार्वजानिक सुनुवाई कार्यक्रम

## आर्थिक बर्ष २०७४/७५

**कार्यक्रम स्थल र मिति**

धनकुटा नगरपालिका  वडा नं.  ५ विहिबारेहाट
२०७४ कार्तिक २४ गते

**कार्यक्रम आयोजक**

श्री धनकुटा नगरपालिका कार्यालय धनकुटा

**प्रतिवेदन पेश गर्ने**

सिद्धराज राई
प्रबन्धक
खाल्सा मिडिया रिसर्च सेन्टर

श्रीमान प्रमुख ज्यु‌ँ
धनकुटा नगरपालिकाको कार्यालय, धनकुटा ।

मिति- २०७४/८/ २८ गते

**विषय - प्रतिवेदन पेश गरेको सम्बन्धमा ।**

प्रस्तुत विषयमा धनकुटा नगरपालिका कार्यालयबाट सञ्चालित योजना तथा कार्यक्रम र कार्यालयले दिने सेवाहरुको विषयमा मिति २०७४ कार्तिक २४ गते गरिएको पहिलो चौमासिकको सार्बजानिक सुनुवाई कार्यक्रमको विषयमा प्रतिवेदन तयार गरी पेश गरेको अनुरोध छ ।

निवेदक
सिद्धराज राई
प्रबन्धक
खाल्सा मिडिया रिसर्ज सेन्टर

# पहिलो चौमासिकको सार्बजानिक सुनुवाई कार्यक्रम सम्बन्धी प्रतिवेदन -२०७४/०७५

कार्यक्रम सम्पन्न मिति: २०७४ कार्तिक २४ गते
स्थान: धनकुटा नगरपालिका वडा नं. ५ विहिबारे
कार्यक्रम सहजकर्ता: सिद्धराज राई, खाल्सा मिडिया रिसर्च सेन्टर
सभापति: चिन्तन तामाङ , मेयर धनकुटा नगरपालिका
कार्यक्रमको औचित्य र स्वागत मन्तब्य:
, टिकादत्त राई
प्रमुख प्रशासकीय अधिकृत, धनकुटा नगरपालिका
धनकुटा नगरपालिकाको कार्यक्रम सम्बन्धी जानकारी:
वडा नं. ४ को वडाध्यक्ष जम्सेर राई
वडा नं. ५ को वडाध्यक्ष धनकुमार राई
सार्वजानिक सुनुवाई कार्यक्रममा सहभागी: ७१ जना
महिला: ३१
पुरुष: ४०

## १. पृष्ठभूमिः-

धनकुटा नगरपालिका कार्यालयले हरेक बर्ष सार्वजानिक सुनुवाई गर्ने नीति लिएको छ । विकास निर्माणका योजना तथा ककार्यक्रमहरुलाई पारदर्शी, जवाफदेही र जनता प्रति उत्तरदायी बनाउनको लागि सार्बजानिक सुनुवाई गरिदै आएको छ । नगरपालिकाको कार्यालयबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुले अपेक्षा गरिएका उपलब्धी हासिल गरे कि गरेनन्, ती योजना तथा कार्यक्रमले जनतामा के कस्तो परिवर्तन भयो, योजना तथा कार्यक्रम सञ्चालन गर्दा के कस्ता समस्या देखिए र योजना तथा कार्यक्रममा जनताको अपेक्षा र गुनासो के छ भन्ने विषयमा जानकारी लिने र जनताका समस्याहरुको विषयमा छलफल गर्न सार्बजानिक सुनुवाई कार्यक्रमले महत्वपुर्ण योगदान दिने गरेको छ । नगरपालिकाले पनि हरेक बर्ष न्युनतम ३ पटक सार्वजानिक सुनुवाई गर्दै आएको छ । यही सिलसिलामा यस बर्षपनि पहिलो चौमासिकको सार्बजानिक सुनुवाई कार्यक्रम सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## २. उद्देश्य :-

विकास निर्माणका योजना तथा कार्यक्रमहरुलाई पारदर्शी, जवाफदेही र जनता प्रति उत्तरदायी बनाउन सार्बजानिक सुनुवाई कार्यक्रमको उद्धेश्य रहेको छ ।

## ३. उपलब्धीः-

यो कार्यक्रम सम्पन्न भएपछि निम्न उपलब्धी हासिल भएको छ ।

१. धनकुटा नगरपालिका क्षेत्रमा सार्वजानिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

२. नगरपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रम र सेवाका विषयमा त्यस क्षेत्रका बासिन्दाले जानकारी प्राप्त गरेका छन् ।

३. जनताका गुनासाहरुको सुनुवाई गर्ने अवसर प्राप्त भएको छ ।

## ४. अपेक्षित उपलब्धीः-

सार्बजानिक सुनुवाई मार्फत विकास निर्माणका योजना तथा कार्यक्रमहरुलाई पारदर्शी, जवाफदेही र जनता प्रति उत्तरदायी बनाउन सहयोग पुगेको छ । जनताका गुनासो र सुझावको आधारमा विकास निर्माणका थप योजना तथा कार्यक्रमहरुलाई आगमी दिनमा परिमार्जन गर्ने अवसर मिलेको छ ।

## ५. खर्च विवरण :-

सार्बजानिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसार खर्च भएको छ ।

| क्रसं. | विषय | संख्या | दर | जम्मा (रु) | कैफियत |
|---|---|---|---|---|---|
| १. | सहजकर्ता पारिश्रामिक | १ पटक | ३०००/- | ३०००।- | |
| २. | तथ्याङ्क संकलक र टेवुलेसन खाना खर्च | १ पटक | | १६०००।- | |
| ३. | यातायात ईन्धन खर्च | १ पटक | | १५००।- | |
| ४. | चिया नास्ता | | | ८५००।- | |
| ५. | ब्यानर र फोटो | १ वटा | | १०००।- | |
| ६ | स्टेशनरी | | | ५०००।- | |
| ७ | तथ्याङ्क संकलन फारम फोटोकपी | १ वटा | | ३५००।- | |
| ९ | प्रतिवेदन प्रिन्ट र टाईप र बेन्डीङ | | | १६५०।- | |
| जम्मा | | | | ४०१५०/- | |
| अक्षेरेपी चालिस हजार एकसय पचास मात्र । | | | | | |

सार्बजानिक सुनुवाई सम्पन्न गर्दा लागेको खर्चः- ४०१५०/-

# सार्वजानिक सुनुवाई कार्यक्रम धनकुटा नगरपालिका

## २०७४ कार्तिक २४

# उठेका प्रश्न/जिज्ञासा

| क.सं. | नाम थर ठेगाना | पिरमार्का गुनासाका विषय | सुधार समाधानका उपाय |
|---|---|---|---|
| 1 | ठेगबहादुर थापा<br>धनपा- ४ | ➪ सिहपुर ठोका सडक निर्माण गर्नको लागि २० प्रतिसत जनसहभागिताको रकम जम्मा गर्नुपर्ने कुराले समस्या परेको छ । वस्ती छैन कसरी पैसा उठाउने ?<br>➪ शहरमा कुकुरको विगविगी भयो । मान्छेलाई टोकेर हैरान भएको छ । | ➪ सिहपुर ठोका सडक निर्माण गर्नको लागि २० प्रतिसत जनसहभागिताको रकम जम्मा गर्नुपर्ने कुराले समस्या परेकाले पैसा जम्मा नगरी योजना चलाउनु पाउनु पर्ने ।<br>➪ शहरमा कुकुरको विगविाले नियन्त्रण गर्नु पर्ने । |
| 2 | रविन्द्र नेपाली<br>धनपा - ५ | ➪ शिक्षा र स्वास्थ्यमा नगरपालिका गम्भिर बन्नु पर्ने । सरकारी विद्यालयमा नीजी विद्यालय सरह शिक्षा हुनु पर्ने । फर्मेसी नपढेका ब्यक्तिले औषधी विक्री गर्न पाउछ कि पाउदैन ।<br>➪ समुन्नत शहर बनाउने सोच छ कि छैन । छ भने स्रोत के हो ? | ➪ शिक्षा र स्वास्थ्यमा नगरपालिका गम्भिर बन्नु पर्ने । सरकारी विद्यालयमा नीजी विद्यालय सरह शिक्षा हुनु पर्ने । फर्मेसी नपढेका ब्यक्तिले औषधी विक्री नहुने ।<br>➪ समुन्नत शहर बनाउने सोचको विषयमा जानकारी दिनु पर्ने । |
| 3 | दिलकुमारी आठपहरिया<br>धनपा ४ | ➪ टोल सफा राख्ने अभियान चलेको छ । त्यसैले धनकुटा नगरपालिका कार्यालयबाट डस्बिन पाईन्छ कि पाईन्दैन ? | ➪ टोल सफा राख्ने अभियान चलेको छ । त्यसैले धनकुटा नगरपालिका कार्यालयबाट डस्बिन दिनु पर्ने । |
| 4 | जगन्नाथ रिजाल<br>धनपा ४ | ➪ खानेपानी ब्यबस्था ठिक भएन । धमिलो पानी पिउनु परेको छ ।<br>➪ विजुलीको पोल जथाभावी छन् । ब्यबस्थित गर्ने योजना के छ ?<br>➪ धनकुटा अस्पताल सुधार भएको छैन । विशेषज्ञ डाक्टर आउछ कि आउदैन ? | ➪ खानेपानी ब्यबस्था ठिक भएन । सफा पानी पिउने ब्यबस्था गर्नु पर्ने ।<br>➪ विजुलीको पोल जथाभावी भएकाले ब्यबस्थित गर्नु पर्ने ।<br>➪ धनकुटा अस्पताल सुधार गर्न विशेषज्ञ डाक्टरको ब्यबस्था गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| | | | |
| 5 | मोहनचन्द्र श्रेष्ठ<br>धनपा ५ | ➯ बोईलर कुखुरा मरेकाले उपचारको लागि पशु कार्याय जाँदा नगरपालिका जानु भन्यो । नगरपालिकामा जाँदा पशु कार्यालय जानु भन्यो ।के हो खास कुरा ?<br>➯ | ➯ बोईलर कुखुरा मरेकाले उपचारको लागि पशु कार्याय जाँदा नगरपालिका जानु भन्यो । नगरपालिकामा जाँदा पशु कार्यालय जानु भन्यो । सेवाग्राहीलाई दुख दिन नहुने । |
| 6 | .निलम राई<br>धनपा ४ | ➯ एकल महिलाको लागि छुटिएको बजेट किन काटियो ? | ➯ एकल महिलाको लागि छुटिएको बजेट दिनु पर्ने । |
| 7 | बाला राई<br>धनपा ४ | ➯ नगरपालिकाको ग्रामिण क्षेत्रमा स्वास्थ्य सम्बन्धी कार्यक्रम किन परेन ? | ➯ नगरपालिकाको ग्रामिण क्षेत्रमा स्वास्थ्य सम्बन्धी कार्यक्रम चलाउनु पर्ने । |
| 8 | सचेता छाराहाङ<br>धनपा ५ | ➯ हप्तामा दुई पटक आउने नगरपालिका गाडी फोहर उठाउन किन आएको छैन ?<br>➯ वडामा महिला लक्षिक बजेट कति छ ?<br>➯ वडा कार्यालयबाट संचालन हुने योजनाको उपभोक्ता समिति बनाउदा सवै उपभोक्ताहरु सहभागी हुनु पर्छ कि पर्दैन ? | ➯ हप्तामा दुई पटक आउने नगरपालिका गाडी फोहर उठाउन आएको छैन । तत्काल आउनु पर्ने ।<br>➯ वडामा महिला लक्षिक बजेट कति छ । जानकारी दिनु पर्ने ।<br>➯ वडा कार्यालयबाट संचालन हुने योजनाको उपभोक्ता समिति बनाउदा सवै उपभोक्ताहरुलाई सहभागी गराउनु पर्ने । |
| 9 | प्रेम राई<br>धनपा ५ | ➯ धनकुटाको टुडिखेलमा सौचालय नहुँदा दिसापिसाव टुडिखेल मुनिको बस्ती आएको छ । | ➯ धनकुटाको टुडिखेलमा सौचालय नहुँदा दिसापिसाव टुडिखेल मुनिको बस्ती आएको छ । त्यसैले तत्काल सौचालय बनाउनु पर्ने । |
| 10 | रमेस राई<br>धनपा ४ | ➯ कोसी राजमार्गमा गुड्ने गाडीबाट फोहर फाल्ने गरेकाले बजार फोहर भएको छ । | ➯ कोसी राजमार्गमा गुड्ने गाडीबाट फोहर फाल्ने गरेकाले बजार फोहर भएको छ । यसलाई तत्काल रोक्नु पर्ने । |

| क्र.सं. | प्रश्नकर्ता वा गुनासो गर्ने वा सुझाव दिनेको नाम थर | सहभागीको प्रश्न | जवाफदिने अधिकारीको नाम ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | ठेगबहादुर थापा<br>धनपा- ४ | ⇨ सिहपुर ठोका सडक निर्माण गर्नको लागि २० प्रतिसत जनसहभागिताको रकम जम्मा गर्नुपर्ने कुराले समस्या परेको छ । वस्ती छैन कसरी पैसा उठाउने ?<br>⇨ शहरमा कुकुरको विगविगी भयो । मान्छेलाई टोकेर हैरान भएको छ । | टिकादत्त राई<br>प्रमुख प्रशासकीय अधिकृत | ⇨ विकास योजनामा जनसहभागितको रकम अनिवार्य जम्मा गर्नु पर्छ । ऐन नियमलाई परिवर्तन गर्न सकिदैन । |
| २ | रविन्द्र नेपाली<br>धनपा - ५ | ⇨ शिक्षा र स्वास्थ्यमा नगरपालिका गम्भिर बन्नु पर्ने । सरकारी विद्यालयमा नीजी विद्यालय सरह शिक्षा हुनु पर्ने । फर्मेसी नपढेका ब्यक्तिले औषधी विक्री गर्न पाउछ कि पाउदैन ।<br>⇨ समुन्नत शहर बनाउने सोच छ कि छैन । छ भने स्रोत के हो ? | टिकादत्त राई<br>प्रमुख प्रशासकीय अधिकृत<br><br>चिन्तन तामाङ<br>मेयर | ⇨ शिक्षा र स्वास्थ्य मौलिक हक हो । नगरस्तरी शिक्षा र स्वास्थ्य समिति बनाएर आवधिक योजना बनाउने र तयारी रहेको छ ।<br>⇨ फार्मेसी नपढेका ब्यक्तिले औषधी विक्री गर्न पाउदैन । यसमा अनुगमन हुनेछ ।<br>⇨<br><br>⇨ समुन्नत सहर बनाउने दिर्घकालिन योजना छ । यसको विकासकोलागि आर्थिक र अन्य स्रोत जुटाउन ठोस योजना बन्दैछ । |
| ३ | दिलकुमारी आठपहरिया<br>धनपा ४ | ⇨ टोल सफा राख्ने अभियान चलेको छ । त्यसैले धनकुटा नगरपालिका कार्यालयबाट डस्बिन पाईन्छ कि पाईन्दैन ? | टिकादत्त राई<br>प्रमुख प्रशासकीय अधिकृत | ⇨ टोल सफा राख्ने सवैको कर्तब्य हो । फोहर उठाउने डस्बिनको लागि नगरपालिकाको सरसफाई शाखामा सम्पर्क गर्नु होला । |
| ४ | जगन्नाथ रिजाल<br>धनपा ४ | ⇨ खानेपानी ब्यबस्था ठिक भएन । धमिलो पानी पिउनु परेको छ ।<br>⇨ विजुलीको पोल जथाभावी छन् । ब्यबस्थित गर्ने योजना के छ ?<br>⇨ धनकुटा अस्पताल सुधार भएको छैन । विशेषज्ञ | टिकादत्त राई<br>प्रमुख प्रशासकीय अधिकृत | ⇨ धनकुटा नगरपालिकाको खानेपानी फोहर छ भन्ने छ । तर ब्यबस्थापन भईरहेको छ । सफा राख्ने प्रयत्न हुनेछ ।<br>⇨ विजुलीको पोल ब्यबस्थापनको लागि बिधुत प्राधिकरण संग मिलेर काम हुनेछ ।<br>⇨ |

| | | | | |
|---|---|---|---|---|
| | | डाक्टर आउछ कि आउदैन ? | चिन्तन तामाङ<br>मेयर | ⇨ धनकुटा अस्पतालको सुधारको लागि काम भईरहेको छ । विशषज्ञ डाक्टरको लागि अस्पतालको स्तरोन्नती गर्ने पहल भईरहेको छ । |
| 5 | मोहनचन्द्र श्रेष्ठ<br>धनपा ५ | ⇨ बोईलर कुखुरा मरेकाले उपचारको लागि पशु कार्याय जाँदा नगरपालिका जानु भन्यो । नगरपालिकामा जाँदा पशु कार्यालय जानु भन्यो ।के हो खास कुरा ?<br>⇨ | टिकादत्त राई<br>प्रमुख प्रशासकीय अधिकृत | ⇨ स्थानीय तह बनेपछि सवै योजना कार्यक्रम नगरपालिकामा आएको हो । तर कार्यन्वयनको लागि सेवा केन्द्रमै कार्यक्रम पठाएका छौ । त्यसैले जनतालाई दुख दिन मिल्दैन । यो गलत भयो । सुधार हुनेछ । |
| 6 | .निलम राई<br>धनपा ४ | ⇨ एकल महिलाको लागि छुटिएको बजेट किन काटियो ? | जम्सेर राई<br>वडाध्यक्ष वडा नं ४ | ⇨ एकल महिलाको लागि छुटिएको बजेट काटिएको छैन । ३० हजार रुपैया छ । सम्झौता गरेर काम गर्नुस । |
| 7 | बाला राई<br>धनपा ४ | ⇨ नगरपालिकाको ग्रामिण क्षेत्रमा स्वास्थ्य सम्बन्धी कार्यक्रम किन परेन ? | जम्सेर राई<br>वडाध्यक्ष वडा नं ४ | ⇨ स्वास्थ्य क्षेत्रमा काम गर्ने स्वयम सेविकाहरुको लागि यो बर्ष बजेट ब्यबस्थापन गर्न नसकेको साँचो । आगमी बर्षको बजेटमा योजना राख्छौ । |
| 8 | सचेता छाराहाङ<br>धनपा ५ | ⇨ हप्तामा दुई पटक आउने नगरपालिका गाडी फोहर उठाउन किन आएको छैन ?<br>⇨ वडामा महिला लक्षिक बजेट कति छ ?<br>⇨ वडा कार्यालयबाट संचालन हुने योजनाको उपभोक्ता समिति बनाउदा सवै उपभोक्ताहरु सहभागी हुनु पर्छ कि पर्दैन ? | टिकादत्त राई<br>प्रमुख प्रशासकीय अधिकृत<br><br>धनकुमार राई<br>वडाध्यक्ष वडा नं. ५ | ⇨ नगरपालिकाको क्षेत्र भित्र फोहर उठाउनको लागि नियमित रुटिङमा गाडी आउने गरेको छ। आएको छैन भने तुरुन्त पठाउने ब्यबस्था हुनेछ ।<br>⇨<br><br>⇨ महिला लक्षित कार्यक्रमको लागि १ लाख ५० हजार बजेट रहेको छ ।<br>⇨ उपभोक्ता समिति बनाउदा सवै उपभोक्ता सहभागी हुनु पर्छ । यसको लागि उपभोक्ता पनि जागरुक हुनु पर्छ । |
| 9 | प्रेम राई<br>धनपा ५ | ⇨ धनकुटाको टुडिखेलमा सौचालय नहुँदा दिसापिसाव टुडिखेल मुनिको बस्ती आएको छ । | धनकुमार राई<br>वडाध्यक्ष वडा नं. ५ | ⇨ धनकुटा टुडिखेलमा धारा र चर्पी निर्माण गर्ने नगरस्तरीय योजना रहेको छ । आगमी बर्ष यो काम हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| 10 | रमेस राई धनपा ४ | ⇨ कोसी राजमार्गमा गुड्ने गाडीबाट फोहर फाल्ने गरेकाले बजार फोहर भएको छ । | टिकादत्त राई प्रमुख प्रशासकीय अधिकृत | ⇨ कोसी राजमार्गमा गुड्ने गाडीबाट फालिने फोहरका बोराले समस्य पारेको छ । यसको उचित ब्यबस्थापनको लागि छलफल आवश्यक छ । |

सार्वजनिक सुनुवाई संयोजकको दस्तखत

अनुसूची-२

बुँदा नम्बर ३.६.१ सँग सम्वन्धित प्रश्नावली भाग-१

# नागरिक प्रतिवेदन (**Citizen Report Card**)

(सन्तुष्टि वा असन्तुष्टि जनाउने)

| ब्यक्तिगत विवरणः जम्मा ६० जना |
|---|
| १) लिङ्गः<br>(क) महिला : २६ (ख) पुरुषः ३४<br>(२) जातीगत समुहः<br>(क) दलितः ९ (ख.) जनजातीः २६ (ग) क्षत्री/बाहुन : २५ (घ). मधेसी<br>(३) शिक्षाः<br>(क) साक्षर : ८ (ख.) एसएलसी : २८ (ग) एसएलसी भन्दा माथीः २४<br>(४) पेसाः<br>(क) कृषि : १७ (ख) ब्यापार : २३ (ग) नोकरी : ६<br>(घ) विद्यार्थीः ५ (ङ) राजनीतिः (च) समाजसेवा : ९<br>(५) उमेर समुहः<br>(क) १ देखि १८ बर्षः ५ (ख) १९ देखि ४० बर्ष : २९<br>(ग) ४० देखि ७० बर्षः २६ (घ) ७० बर्ष माथीः |

१. सेवाको सन्तुष्टि

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?
सन्तुष्ट (. ४६....) ठिकै (.१४..) असन्तुष्ट (.......)

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
सन्तुष्ट (.. ५४ .) ठिकै ( ६..) असन्तुष्ट ( .)

२. सेवाको नियमितता

२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (. २९ .) ठिकै (..३१...) असन्तुष्ट ( ...)

२.२ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

१ दिन (.२१ ) दुइ दिन (. .२९...) धेरै दिन (.१० .)

३. सेवा प्रति जनविश्वास

३.१ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्न भएको छ ?

धेरै (. १२ ..) ठिकै (..४४ ) गरेको छैन (..४..)

३.२ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ (..१६ .) छैन (.७ .) अलिअलि थाहा छ (..३७ .)

४.सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ३६ .) कम सन्तुष्ट (. २३.) असन्तुष्ट ( ..१....)

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनु भयो ?

आफै (..२६ .) गाउँका ठुलावडाको ( ३ ...)जनप्रतिनिधि वा मध्यस्थकर्ता ( ..३१..)

५. सेवा सम्वन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो ( २४..) ठिकै (.३६..) नराम्रो (......)

५.२ कार्यालयमा भएको नागरिक वडापत्र बारे तपाईलाई जानकारी छ ?

छ (..१९.) आँशिक जानकारी छ (.३८..) कुनै जानकारी छैन ( ३...)

५.३ कार्यालय र सेवाग्राही वीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो ( ३५..) ठिकै ( २५ ) खासै राम्रो छैन (....)

५.४ नगर परिषदमा राष्ट्रिय नीति निर्देशीका अनुसार समावेशी प्रकृतीको प्रतिनिधित्व भएको छ

छ (..२७.) ठिकै (. १८ ..) प्रतिनिधित्व साह्रै कम छ (. १५ .)

६.नागरिक वडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

धेरै (. १२ ..) कम(. ४३ .) गरेको छैन ( ५..)

६.२ तपाइको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

धेरै भएको छ ( १ .) ठिकै भएको छ ( ३३ ) भएको छैन (.२६ )

# नागरिक प्रतिवेदन पत्र

प्रश्नावली भाग-२

## १. सिफारिस सम्बन्धी

१.१ कार्यालयमा पुग्दा सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ (. ४६..) ठिकै पाएँ (...१४.) स्पष्ट पाइँन ( ... )

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो ?

दिएँ ( .) थोरै दिएँ ( ... ) मागिएन र दिइएन पनि (.६०..)

१.३ राजश्व, शुल्क तथा दस्तुरको कससँग उठाउने गर्दछन् ?

सबैसँग कर उठाउछन् ( ५६ .)

सीमित व्यक्तिसँग मात्र कर उठाउछन् ( ..)

धेरै वक्यौता रहने गरेको छ (...४. )

## २. पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ कार्यालयमा सरसफाइको अवस्था कस्तो छ ?

राम्रो (...४०. ) ठीकै ( २० ) खराव (.. .. )

२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

तुरुन्तै हुन्छ (. ४ .)

पटक पटक भनेपछि मात्रै हुन्छ (..४५..)

जति भने पनि हुन्न (..११..)

२.३ तपाईको नगरपालिकामा विकास निर्माणको स्थिती कस्तो छ ?

राम्रो (.४७. .) ठिकै (. १३ ) खराब (... )

२.४ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

प्रभावकारी छन् (..४९ . ) ठीकै छन् (. ११.) प्रभावकारी छैनन् (... )

२.५ योजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज ( २१ .) ठीकै (. ३९..) अप्ठ्यारो (.....)

२.६ योजना सञ्चालन गर्दा प्राविधिक सहयोगको कत्तिको पाउनु भयो ?

सजिलै पाइयो (...२९ .) कहिले काही पाइयो (.३१ ) माग गर्दा पनि पाइएन (. ... )

२.७ विकास निर्माणका वारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

सजिलै पाइन्छ (..१६ ) सोधे पछि पाइन्छ ( .४४ .)सोधे पनि पाइदैन (. .. )

३.यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?

३.१ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल (. १३ ) ठीकै ( ४३ .) जटिल (. ४ .)

३.२ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ (. ३७ ..)

आवश्यकता भन्दा कम छ ( २३ .)

सीप निकै कम छ ( .... )

३.३ गा.पा र न.पा.को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नु भयो ?

टाँसेको देखेको छु (.२५ .)

कहिले काही टाँसेको देखिन्छ (. ३४ .)

खै कतै देखिएन (..१..)

४.पारदर्शिता सम्बन्धी

४.१ गा.पा र न.पा.मा सार्वजनिक सुनुवाई कार्यक्रम हुन्छ कि हुँदैन ?

हुन्छ (. ५९ .) हुँदैन (. ) कार्यक्रम बारे कुनै जानकारी छैन (.१.)

४.२ गा. पा र न.पा.मा सार्वजनिक परीक्षण कार्यक्रम हुन्छ कि हुँदैन ?

हुन्छ (. ५६ .) हुँदैन (. ) कार्यक्रम बारे कुनै जानकारी छैन (. ४ .)

४.३ गा.पा र न.पा. मा वार्षिक रुपमा सामाजिक परीक्षण हुन्छ कि हुँदैन ?

हुन्छ (. ५६ .) हुँदैन (. ) कार्यक्रम बारे कुनै जानकारी छैन (४..)

)

अनुसूची-३

बुँदा नम्बर ३.४.१ सँग सम्वन्धित

# बहिर्गमित अभिमत (Exit Poll)

| सि.नं. | सेवाको नाम | मुल्यांकन उपयूक्त कोठामा रेजा लगाउनु होस | | | संख्या |
|---|---|---|---|---|---|
| १ | कार्यालयमा सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट २३ | ठीकै १७.. | अस्पष्ट ...... | |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति वुझ्े जस्तो लाग्यो ? | अति धेरै २६ | ठीकै १४ . | थोरै | |
| ३ | तपाई प्रति सेवा प्रदायक कर्मचारी र जनाप्रतिनिधिले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण ३९ | ठीकै .१... | अभद्र/अमर्यादित | |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण, कागजात र शुल्क दस्तुर) वारे तपाइलाई सेवा प्रदायक कर्मचारी र जनप्रतिनिधिले स्पष्ट गरे की छैन ? | अति स्पष्ट गरिदिए २७ | ठीकै १३ ....... | अलमल हुनेगरी अस्पष्ट सूचना दिए ............ | |
| ५ | तपाईले राख्नु भएको समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए २३.. | ठीकै १७..... | समाधान दिन सकेनन | |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो छोटो ....१३. | ठीकै २७...... | लामो र झन्झटिलो . | |

शैक्षिक स्तर

| निरक्षर | साक्षर | एसएलसी भन्दा माथी | | जम्मा संख्या |
|---|---|---|---|---|
| ३ | ९ | २८ | | ४० |

| क.सं. | जाती | लिङ्ग | | कुन कामको लागि आउनु भएको |
|---|---|---|---|---|
| | | पुरुष | महिला | संस्था दर्ता नविकारण गर्न .<br>योजनाको अन्तिम भुक्तानी लिन :<br>नयाँ योजना माग गर्न .<br>सिफारिस लिन . १३<br>चर्पीको परिचयपत्र लिनः<br>सम्झौता गर्नः.<br>सूचना लिन . १२<br>आर्थिक सहयोग लिनः<br>योजना समावेस गर्न :<br>योजना मुल्याङकन गराउन :<br>सम्पत्तिकर तिर्न :<br>पन्जिकरणः १०<br>समाजिक सुरक्षा भत्ताको परिचयपत्र बनाउनः<br>भेटघाट गर्न ५ |
| १ | दलित ७ | . | . | |
| २ | जनजाती १९ | | | |
| ३ | अन्य .१४ | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सुझावहरु

| राम्रो पक्षहरु | सुधार गर्नु पर्ने पक्षहरु |
|---|---|
| १. बजेट वडामा आएको राम्रो लाग्यो ।<br>२. स्थानीय सरकार आएको ५ महिना मात्रै भएकाले केही भन्नु छैन । तर वडामै काम सुरु भएकाले राम्रो छ ।<br>३. कर्मचारी र जनप्रतिनिधिले सहयोग गर्नु भयो । कर्मचारीको मिलनसार ब्यबहार छ ।<br>४. सफा शहर धनकुटा घोषणा भएकोमा खुसी लागेको छ ।<br>५ कार्यालय वरीपरी सफासुग्घर पाए । | १ महिलामैत्री कार्यक्रम हुनु पर्ने । महिलाको सीप विकास तालिम र नीजि उद्योग चलाउने ऋण दिनु पर्ने । अल्पसंख्यक दलित वर्गलाई जिविकोपार्जनको सीप दिनु पर्ने । लक्षित र अपाङ्गता भएकाहरुलाई बजेट तथा कार्यक्रममा प्राथमिकता दिनु पर्ने ।<br>२. बालमैत्री स्थानीय शासन लागु गर्नु पर्ने ।<br>३. सडक बक्ति जडान गर्नु पर्ने ।<br>४. बजार क्षेत्रमा सार्वजनिक सौचालय बनाउनु पर्ने ।<br>५. प्रत्येक वडामा प्राथमिक उपचार केन्द्र राख्नु |

| | |
|---|---|
| ६. जनप्रतिनिधि आएपछि घर नजिकै सेवा पाएका छौ ।<br>७. कर्मचारीले आफुले नजानेको कुरा जान्ने ब्यक्तिलाई सोधेर काम गरेको पाईयो । | पर्ने ।<br>६. सम्पत्ति कर अलिक महंगो भएकाले घटाउनु पर्ने ।<br>७. उपभोक्ता समितिले गरेको कामको समयमै मुल्यङकन गर्नु पर्ने ।<br>८. प्राविधक थोरै भएकाले थप्नु पर्ने ।<br>९. सडकमा राखिने डस्बीन टोलको सडकमा पनि राखिनु पर्ने ।<br>१० घर दैलोमा फोहर उठाउने ब्यबस्था हुनु पर्ने ।<br>११. वडा कार्यालयमा नागरिक वडापत्र राखिनु पर्ने ।<br>१२ कार्यालयमा आएको सुझावहरु समयमै सार्वजनिक गरिदिए राम्रो हुने थियो । सर्वसाधारण र कृषक बर्गले सूचना ढिलो पाएका छन् ।<br>१३. श्रीपन्चमी पार्कलाई ब्यबस्थित गर्न बाल उद्यान पार्क बनाउनु पर्ने ।<br>१४. प्रत्येक वडामा कार्यक्रम संचालन गर्ने हल हुनु पर्ने ।<br>१५ मदिरा निषेधित क्षेत्र घोषणा गर्नु पर्ने ।<br>१६ खानेपानी पाईप र विजुलीको तार ब्यबस्थितगर्नु पर्ने ।<br>१७ बालविवाह रोक्ने अभियान चलाउनुपर्ने । बालबालिकाको क्षमता विकासका योजना चलाउनु पर्ने । कानुनी तथा सरसफाई सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्नु पर्ने ।<br>१८. सामाजिक सुरक्षाभत्ता वडाबाट वितरण हुनु पर्ने ।<br>१९. सवैटोलमा एम्बुलेन्स चल्ने बाटो बनाउनुपर्ने ।<br><br>२०. गरिव तथा विपन्न बर्गलाई सेवा दिन उपयुक्त वातावरण बनाउनु पर्ने ।<br>२१. वडा कार्यालय भवन निर्माण गर्न कार्वाही अगाडी बढाउनु पर्ने ।<br>२२. भौतिक पुर्वाधार निर्माण गदौ गणस्तरमा |

| | |
|---|---|
| | ध्यान दिनुपर्ने ।<br>२३ कर्मचारी बर्गले सेवाग्राहीसंग मुस्काउ अभियान चलाउनु पर्ने ।<br>२४. समानविकास निर्माण पुर्‍याउनु पर्ने ।<br>२५ असाहय र जेष्ठ नागरिकलाई काममा प्राथमिकता दिनु पर्ने ।<br><br>२६ तरकारी र मासुपसल विहिबारे हटियामा पनि संचालन गर्नु पर्ने । |

# सार्वजनिक सुनुवाई कार्यक्रममा
# मेयर चिन्तन तामाङको मन्तब्य

## सवै अतिथि एवं सहभागी ज्यूहरु

धनकुटा नगरपालिकाको विकास र समृद्धिको लागि जुट्नु भएका सवै नगरबासी दाजुभाई दिदिबहिनीहरुलाई अभिबादन गर्दछु। धनकुटा नगरलाई स्वच्छ, सफा र हराभरा बनाएर नमुना शहर बनाउने योजना रहेको छ । नगरको विकासको लागि खास ठुला समस्या छैनन् । ग्रामिण क्षेत्र समेटिएकाले सडकको पहुँच पुर्‍याउन आवश्यक रहेको छ। यसको लागि हामी योजना बनाएर काम गर्ने तयारी रहेको छ। अहिले नगरपालिकाले निरन्तर काम गरिरहेको छ। विकास निर्माणको कामको नियमित अनुगमन गर्ने कार्य सेवाग्राही र उपभोक्ताहरुले गर्नुपर्छ।

त्यस्तै नगरपालिकाको कार्यालयमा सुशासन कायम गर्ने प्रयत्न भईरहेको छ । कमी कम्जोरी छ भने औंल्याई दिनु पर्छ । सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सुशासनको जाँच गर्ने कार्यलाई हामी निरन्तरता दिनेछौ । ५ बर्ष भित्रमा स्रोत र सधानले भ्याए सम्म जनताको गुनासो मेटाउने प्रयास हामी गर्नेछौ । अन्त्यमा सवै नगरबासीलाई जुझारु भएर नगरको विकासमा सहयोग गर्न अनुरोध गर्दछु। धन्यबाद।

# सार्बजनिक सुनुवाईको तस्बिरहरु







धनकुटा नगर: स्वच्छ सुन्दर समुन्नत शहर
नगर कार्यपालिकाद्वारा आयोजना गरिएको




धनकुटा नगर: स्वच्छ सुन्दर समुन्नत शहर
धनकुटा नगर कार्यपालिकाद्वारा आयोजना गरिएको
सार्वजनिक सुनुवाई कार्यक्रम
२४ कार्तिक २०७४